# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट फागुन १०, २०७४ साल संख्याः १**

**भाग – २**

**रिब्दीकोट गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४

कार्यपालिकाबाट पारित मिति २०७४।११।१०

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान, २०७२ को अनुसूची ८ को क्रमसंख्या ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा रहेको आधारभूत शिक्षा परीक्षा सञ्चालन सम्बन्धी कार्य गर्न रिब्दीकोट गाउँसभाबाट प्रत्यायोजित अधिकार प्रयोग गरी गाउँकार्यपालिकाले आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ जारी गरेको छ ।

## परिच्छेद - एक
## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम आधारभूत तह शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७४ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२) परिभाषा :

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले नेपाल सरकार शिक्षा मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले शिक्षा मन्त्रालय अन्तर्गतको शिक्षा विभाग सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले रिब्दीकोट गाउँपालिका सम्झनु पर्छ ।

(ङ) "शिक्षा प्रमुख" भन्नाले गाउँपालिकाका शिक्षा शाखा प्रमुखको रुपमा कार्यरत पदाधिकारी सम्झनु पर्छ ।

(च) "आधारभूत शिक्षा परीक्षा" भन्नाले आधारभूत तहको अन्तमा लिइने परीक्षालाई सम्झनु पर्छ ।

(छ) "परीक्षा समिति" भन्नाले यस कार्यविधिको बुँदा ६ अनुसार गठित आधारभूत शिक्षा परीक्षा समिति सम्झनु पर्छ ।

(ज) "परीक्षण केन्द्र" भन्नाले आधारभूत शिक्षा परीक्षाको उत्तर पुस्तिका परीक्षणका लागि तोकिएको केन्द्र सम्झनु पर्छ ।

(झ) "परीक्षा केन्द्र" भन्नाले आधारभूत शिक्षा परीक्षा सञ्चालनका निम्ति तोकिएका परीक्षा केन्द्रहरु सम्झनु पर्छ ।

(ञ) "केन्द्राध्यक्ष" भन्नाले आधारभूत शिक्षा परीक्षा सञ्चालनका निम्ति तोकिएको परीक्षा केन्द्र प्रमुख सम्झनु पर्छ ।

(ट) "गाउँ शिक्षा शाखा" भन्नाले रिब्दीकोट गाउ( ँपालिका अन्तर्गतको शिक्षा सम्बन्धी कार्य गर्ने शाखा सम्झनु पर्छ ।

(ठ) "विद्यालय" भन्नाले विद्यमान ऐन, नियम बमोजिम स्थापना भई सञ्चालनमा रहेका अनुमति प्राप्त वा स्वीकृति प्राप्त विद्यालयहरु सम्झनु पर्छ ।

ड) "स्रोतव्यक्ति" भन्नाले गाउँपालिकामा विद्यालय सुपरिवेक्षण, अनुगमन तथा व्यवस्थापन गर्नका लागि खटाइएको व्यक्ति भन्ने बुझ्नु पर्छ ।

## परिच्छेद : दुई
## परीक्षाको आवेदन र प्रवेश पत्र सम्बन्धी व्यवस्था

३) परीक्षा आवेदन फाराम सम्बन्धमा :

(क) प्रत्येक विद्यालयले आफ्नो विद्यालयमा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुको आधारभूत शिक्षा परीक्षामा सहभागिताका लागि अनुसूची-१ अनुसारको रजिष्ट्रेसन आवेदन फाराम भराई गाउँपालिकाको शिक्षा शाखामा पेश गर्नु पर्ने छ ।

(ख) विशेष कारणवश परीक्षा आवेदन फाराम भर्न छुटेको अवस्थामा परीक्षार्थीले उचित कारण खुलाई प्रमाण

सहित प्रधानाध्यापकको सिफारिसमा फागुन ८ गते सम्म गाउँपालिकाको शिक्षा शाखामा अभिभावकको निवेदनसहित आवेदन गर्न सकिनेछ ।

(ग) परीक्षा आवेदन फाराम भर्नका लागि देहायको शर्त पूरा गरेको हुनु पर्ने छ :

- विद्यमान व्यवस्था अनुसार औपचारिक विद्यालय शिक्षा वा खुला शिक्षा वा अनौपचारिक शिक्षा पद्धतिबाट आवेदकले कक्षा ७ को अध्ययन पूरा गरी कक्षा आठमा अध्ययनरत रहेको हुनुपर्ने छ ।
- परीक्षाका आवेदनसाथ कक्षा ७ को मार्कसीट वा ग्रेड सीट र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि तथा तोकिएको परीक्षा शुल्क बुझाएको नगदी रसिद वा बैंक भौचर वा अन्य कुनै निस्सा अनिवार्य रुपमा पेश गरेको हुनुपर्ने छ ।
- आवेदन दिने विद्यार्थीको उमेर जुन सालमा आधारभूत शिक्षा परीक्षामा सामेल हुने हो सो वर्षको चैत्र मसान्तसम्ममा १२ वर्ष पूरा भएको हुनु पर्ने छ ।
- विद्यमान कानुन बमोजिम स्थापना भई सञ्चालन भइरहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय, परम्परागत धार्मिक विद्यालय, अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय, बैकल्पिक विद्यालय, विशेष विद्यालयले आवेदन फाराम भराउनु पर्ने छ ।

४) <u>रोल नम्बर कायम गर्ने सम्बन्धमा :</u>

(१) गाउँपालिकाको शिक्षा शाखामा पेश हुन आएका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको परीक्षा आवेदन

फाराम जाँचबुझ गरी शिक्षा शाखाले विद्यार्थीको रोल नम्बर कायम गर्ने छ ।

(२) गाउँ शिक्षा शाखाले रोल नम्बर कायम भएका विद्यार्थीहरुको परीक्षाको रोल नम्बरसहितको प्रवेश पत्र परीक्षा शुरु हुन भन्दा अगावै सम्बन्धित विद्यालयलाई उपलब्ध गराउनु पर्ने छ ।

## परिच्छेद : तीन
## परीक्षा समिति सम्बन्धी व्यवस्था

५. आधारभूत तह कक्षा ८ परीक्षाको संचालन,व्यवस्थापन र नियन्त्रण गर्नको लागि देहाय बमोजिमको परीक्षा समिति रहने छ ।

(१) परीक्षा समितिको गठन :

(क) गाउँ शिक्षा समिति (गाउँपालिकाको अध्यक्ष) को अध्यक्ष -अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

ग) प्रमुख, सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय -सदस्य

(घ) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरु मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनित २ जना -सदस्य

(च) स्रोतव्यक्ति - सदस्य

(छ) शिक्षा अधिकृत/ श्रोतव्यक्तिको रुपमा यसभन्दा अगाडि कामकाज गरेको व्यक्ति- सदस्य सचिव

(२) परीक्षा समितिका मनोनित सदस्यहरुको पदावधि १ वर्षको हुने छ ।

(३) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुने छ ।

(४) परीक्षा समितिको सचिवालय गाउँपालिकाको शिक्षा शाखामा रहने छ ।

६) <u>परीक्षा समितिको काम, कर्तव्य र अधिकार</u>

(१) परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

(क) प्रश्न पत्र निमार्ण तथा छपाई सम्बन्धि कार्य गर्ने र गराउने ।

(ग) परीक्षा केन्द्र निर्धारण गर्ने ।

(घ) स्वच्छ, मर्यादित र भयरहित वातावरणमा व्यवस्थित ढंगले परीक्षा सञ्चालन गर्ने ,

(ङ) आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

(च) उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण सम्बन्धी कार्य गर्ने, गराउने,

(छ) परीक्षाफल प्रकाशन गर्ने, परीक्षार्थीहरुलाई मार्कसीट उपलब्ध गराउने,

(ज) परीक्षा सम्बन्धी विभिन्न कार्यमा संलग्न कर्मचारीहरुका लागि पारिश्रमिक तोक्ने,

(झ) परीक्षा सञ्चालनको लागि केन्द्राध्यक्ष नियुक्त गर्ने,

(ञ) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा अन्य कार्य गर्ने ।

(२) परीक्षा समितिले आधारभूत तहको अन्तमा लिइने कक्षा ८ को आधारभूत शिक्षा परीक्षा सञ्चालन गर्नुको अतिरिक्त विद्यालयस्तरमा लिइने आधारभूत तहका अन्य कक्षाहरुका आवधिक परीक्षा र निरन्तर मूल्यांकन पद्धतिको प्रभावकारी कार्यान्वयनका लागि मापदण्ड बनाई विद्यालयहरुलाई निर्देशन दिन सक्ने छ ।

## परिच्छेद : चार
## प्रश्नपत्र निर्माण तथा परिमार्जन

७) प्रश्नपत्र निर्माण सम्बन्धमा :

(१) आधारभूत शिक्षा परीक्षाको लागि प्रश्नपत्र निर्माण गर्दा देहायका आधारहरुलाई ख्याल गर्नु पर्नेछ :

क) कक्षा ८ को विषयगत पाठ्यक्रम आधारमा स्तरीय प्रश्न निर्माण गर्नुपर्ने ।

(ख) पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएको कक्षा ८ को विषयगत विशिष्टीकरण तालिका अनुरुप प्रश्नपत्र निर्माण गर्नुपर्ने ।

(ग) प्रश्नपत्र निर्माण सम्बन्धी कार्य गोप्य रुपमा गर्नुपर्ने ।

(२) गाउँपालिका क्षेत्रका विद्यालयका शिक्षकहरु मध्येबाट विषयगत शिक्षक छनोट गरी प्रश्नपत्र निर्माण गर्न लगाइने छ, यसरी प्रश्नपत्र निर्माण गर्दा गोप्यता कायम गरिने छ ।

(३) प्रत्येक विषयको कम्तिमा दुई सेट प्रश्न पत्र निर्माण गरिने छ ।

(४) विषयगत शिक्षकहरुबाट निर्मित प्रश्नपत्रहरु संकलन तथा सुरक्षा सम्बन्धी कार्य परीक्षा समितिको सचिवालयले गर्ने छ ।

(५) प्रश्नपत्र सँगै उत्तरकुञ्जिका तयार गर्नु पर्नेछ ।

८) प्रश्नपत्रको परिमार्जन सम्बन्धमा :

(१) प्रश्नपत्र निर्माताले निर्माण गरेका सबै विषयका प्रश्नहरुका समानान्तर सेटबाट छनोट गरी प्रश्नपत्र परिमार्जन गरिने छ ।

(२) प्रश्नपत्र परिमार्जन गरिसकेपछि टाइप, सम्पादन र छपाइ

कार्य परीक्षा समितिको निर्देशनमा परीक्षा समितिको सचिवालयले गर्ने छ ।

९) प्रश्नपत्र निर्माता र परिमार्जनकर्ताको छनोट र नियुक्ति गर्ने :

(१) परीक्षा समितिले बनाएको मापदण्डका आधारमा प्रश्नपत्र निर्माता र प्रश्नपत्र परिमार्जनकर्ता छनोट गर्ने र उनीहरुलाई नियुक्ति दिने कार्य परीक्षा समितिको अध्यक्षको हुनेछ ।

(२) प्रश्नपत्र निर्माता र परिमार्जनकर्तालाई नियुक्ति दिँदा कार्यसम्पन्न गर्ने समयावधि समेत स्पष्टसँग तोक्नु पर्नेछ ।

(३) प्रश्नपत्र निर्माता र परिमार्जनकर्ताले तोकिएको समयभित्र आफूलाई तोकिएको जिम्मेवारी पूरा गर्नुपर्नेछ ।

(४) यस बुँदाको उपदफा (२) बमोजिमको समयावधिभित्र कार्य सम्पन्न नगर्ने,प्रश्नपत्रको गोपनियता पालना नगर्ने प्रश्नपत्र निर्माता वा प्रश्नपत्र परिमार्जनकर्तालाई नियुक्त गर्ने अधिकारीले कारबाही गर्न सक्नेछ । यस्तो अवस्थामा तत्काल प्रश्न निर्माण र परिमार्जनका लागि वैकल्पिक व्यवस्था गर्नु पर्ने छ ।

## परिच्छेद : पाँच

## केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य कर्मचारी सम्बन्धी व्यवस्था

१०) केन्द्राध्यक्ष नियुक्त गर्ने :

(१) परीक्षा समितिको निर्णय अनुसार केन्द्राध्यक्ष नियुक्त गरिने छ ।

(२) केन्द्राध्यक्ष नियुक्ति गर्दा परीक्षा केन्द्र रहेकै विद्यालयका प्रधानाध्यापकलाई प्राथमिकता दिइने छ। तर दोहोरो भूमिकामा पर्ने गरी नियुक्ति दिइने छैन ।

(३) परीक्षा व्यवस्थापनमा प्रतिकुल असर पार्ने अमर्यादित कार्य गरेमा केन्द्राध्यक्षलाई परीक्षा समितिले जिम्मेवारीबाट हटाई वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

११) सहायक केन्द्राध्यक्ष र अन्य कर्मचारी नियुक्ति गर्ने :

(१) परीक्षा सञ्चालनका लागि आवश्यक सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य आवश्यक कर्मचारीको नियुक्ति केन्द्राध्यक्षले गर्नेछ ।

(२) परीक्षा व्यवस्थापनमा प्रतिकुल असर पार्ने अमर्यादित कार्य गरेमा केन्द्राध्यक्षले सहायक केन्द्राध्यक्ष वा अन्य कर्मचारीलाई जिम्मेवारीबाट हटाई वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

१२) केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार :

(१) केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

(क) परीक्षा केन्द्रमा भयरहीत वातावरण कायम गरी परीक्षा मर्यादित एवम् व्यवस्थित ढंगले सञ्चालन गर्ने ।

(ख) परीक्षा सञ्चालनमा बाधा पुग्ने वा परीक्षाको वातावरण खल्बल्याउने खालका अमर्यादित कार्य गर्ने परीक्षार्थीलाई कारबाही गर्ने ।

(ग) परीक्षा सञ्चालनका लागि आवश्यक पर्ने सहायक केन्द्राध्यक्ष, निरीक्षक र अन्य कर्मचारी नियुक्त गर्ने ।

(घ) परीक्षा समितिको निर्देशन बमोजिम समयमा परीक्षा शुरु गर्ने, परीक्षा सञ्चालन गर्ने, उत्तरपुस्तिका संकलन गरी सुरक्षितसाथ परीक्षा समितिले तोकेको ठाउँमा बुझाउने ।

(ङ) परीक्षाको अनुगमन क्रममा अनुगमनकर्ताले दिएका सुझावहरु कार्यान्वयन गर्ने, गराउने ।

(च) परीक्षा समितिले तोकेका अन्य कार्य गर्ने ।

(२) केन्द्राध्यक्षलाई परीक्षा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै जटिलता आइपरेमा सोको जानकारी तत्काल परीक्षा समितिलाई गराउनु पर्ने छ। आइपरेको जटिलताका विषयमा परीक्षा समितिले आवश्यक निर्देशन दिनु पर्नेछ, निर्देशन प्राप्त भए पछि केन्द्राध्यक्षले सोही बमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद : छ
## उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण

१३) उत्तर पुस्तिका परीक्षण गराउने सम्बन्धमा :

(१) आधारभूत शिक्षा परीक्षाको उत्तर पुस्तिका संकलन भइसकेपछि परीक्षण परीक्षा समितिले तोके बमोजिम हुनेछ ।

(२) उत्तर पुस्तिका परीक्षण तथा सम्परीक्षण सम्बन्धी व्यवस्था परीक्षा समितिको निर्णय बमोजिम गरिने छ ।

(३) उत्तर पुस्तिका परीक्षकको नियुक्ति परीक्षा समितिले विषय शिक्षक मध्येबाट मात्र गर्ने छ ।

१४) उत्तर पुस्तिका सम्परीक्षण गर्ने :

(१) परीक्षण गरिएका उत्तर पुस्तिकाहरु सम्परीक्षण गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

(२) सम्परीक्षण गर्दा कम्तिमा दश प्रतिशत उत्तर पुस्तिकाहरु पुरै परीक्षण गर्नुपर्ने छ। अन्य उत्तर पुस्तिकाहरुमा दिइएको अंक र तिनीहरुको योगफल परीक्षण गर्नु पर्ने छ ।

(३) उत्तर पुस्तिका सम्परीक्षकको नियुक्ति परीक्षा समितिले गर्ने छ ।

(४) सम्परीक्षक आफूले संपरीक्षण गर्ने विषयको उत्तर पुस्तिका परीक्षण गरेको हुनु पर्ने छ ।

## परिच्छेद : सात
## नतिजा तयारी, नतिजा प्रकाशन र ग्रेडसीड वितरण

१५) परीक्षाको नतिजा तयारी गर्ने सम्बन्धमा :

(१) परीक्षा समितिले आधारभूत शिक्षा परीक्षाको नतिजा तयारी गर्न लगाउने छ । नतिजा तयारीका निम्ति परीक्षा समितिको निर्देशन अनुसार विद्यालयले आवश्यक सहयोग उपलब्ध गराउनु पर्ने छ ।

(२) नतिजाको प्रकाशन चालु शैक्षिक सत्रको चैत्र मसान्तभित्र गरी सक्नु पर्ने छ ।

१६) परीक्षाको नतिजा प्रकाशन गर्ने सम्बन्धमा :

(१) आधारभूत शिक्षा परीक्षाको नतिजा तयार पारिसकेपछि परीक्षा समितिले नतिजा प्रकाशन गर्ने छ ।

१७) प्रमाणपत्र वा ग्रेड सिट वितरण गर्ने सम्बन्धमा :

(१) परीक्षामा सामेल भएका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणपत्र वा मार्कसिट वितरण गर्नु पर्ने छ ।

(२) परीक्षाको प्रमाणपत्र परीक्षा समितिको सचिवालयले विद्यालयलाई पठाउने छ । विद्यालयहरुले आफ्ना विद्यार्थीहरुको प्रमाणपत्र वा मार्कसिट वितरण गर्ने छन् ।

१८) प्रयोगात्मक परीक्षाको नतिजा उपलब्ध गराउनु पर्ने सम्बन्धमा :

(१) नतिजा तयारीका निम्ति विद्यालयले प्रयोगात्मक परीक्षाको नतिजा तयार पारी परीक्षा सकिएको मितिले ३ दिनभित्र गाउँपालिकाको गाउँ शिक्षा शाखामा बुझाउनु पर्ने छ ।

(२) कुनै विद्यालयले प्रयोगात्मक परीक्षाको नतिजा समयमै उपलब्ध नगराएमा त्यस्तो विद्यालयको नतिजा स्थगित गरी परीक्षा समितिले विद्यालयलाई कारबाही गर्न सक्ने छ ।

(३) विद्यार्थीले प्राप्त गरेको प्रयोगात्मक परीक्षाको नतिजाका प्रमाणहरु आवश्यक ठानेमा परीक्षा समितिले छड्के जाँच गर्न सक्ने छ। प्रयोगात्मक कार्यको प्रमाण र विद्यार्थीको प्राप्तांकबिच तालमेल नमिलेको पाइएमा परीक्षा समितिको निर्णय अनुसार त्यस्तो मूल्यांकन गर्ने मूल्यांकनकर्तालाई कारबाही गर्न सकिने छ ।

(४) प्रयोगात्मक परीक्षा विद्यालय आफैले योजना गरी अनुकुलता अनुसार जुन सुकै समयमा सञ्चालन गर्न सक्ने छ ।

## परिच्छेद : आठ
## परीक्षाको अनुगमन सम्बन्धी व्यवस्था

१९) परीक्षाको अनुगमन सम्बन्धमा :

(१) परीक्षा समितिले आधारभूत शिक्षा परीक्षाको लागि विभिन्न क्षेत्रका संस्थागत प्रतिनिधिसहितको अनुगमनकर्ता तोक्न सक्नेछ ।

(२) यस दफाको उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ कार्यपालिका र गाउँकार्यपालिका

शिक्षा शाखाका कर्मचारीहरुले परीक्षाको अनुगमन गर्न सक्ने छन् ।

(३) यस दफाको उपदफा(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार शिक्षा विभाग, राष्ट्रिय परीक्षा बोर्ड, क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयबाट परीक्षाको अनुगमन गर्न कुनै बाधा पर्ने छैन ।

(२०) अनुगमन प्रतिवेदन पेश गर्ने सम्बन्धमा :

(१) परीक्षा समितिले जिम्मेवारी दिएर परीक्षाको अनुगमनमा खटिएका सम्पूर्ण अनुगमनकर्ताले अनुगमन प्रतिवेदन परीक्षा सकिएको एक हप्ताभित्र परीक्षा समितिको सचिवालयमा पेश गर्नुपर्ने छ ।

(२) यस कार्यविधिको बुँदा १९ को उपबुँदा (३) अनुसार नेपाल सरकारका विभिन्न निकायहरुबाट गरिने अनुगमनको प्रतिवेदन तत् तत् निकायहरुले परीक्षा समितिलाई उपलब्ध गराउन सक्ने छन् ।

(३) तोकिएको समयमा जिम्मेवारी पुरा नगरेमा निजलाई कुनै जिम्मेवारी दिइने छैन ।

## परिच्छेद : नौ
## विविध

२१) परीक्षा शुल्क सम्बन्धमा :

(१) परीक्षामा सामेल हुने परीक्षार्थीले परीक्षा समितिले तोके बमोजिमको परीक्षा शुल्क तिर्नु पर्ने छ । तर सामुदायिक विद्यालयले भने परीक्षा शुल्क तिर्नुपर्ने छैन । विद्यार्थीबाट परीक्षा शुल्क लिन पनि पाउने छैन ।

क) परीक्षा समितिले मनासिब ठानेमा संस्थागत

विद्यालयमा परीक्षार्थीहरुलाई सेमत शुल्क मिनाहा गर्न सक्नेछ ।

(२) उपबुँदा (१) बमोजिमको शुल्क परीक्षा समितिले तोकेको बैंकको खातामा वा गाउँपालिकाको आर्थिक प्रशासन शाखामा नगदै जम्मा गर्न सकिने छ ।

२२) <u>परीक्षामा खटिने कर्मचारीहरुलाई पारिश्रमिक उपलब्ध गराउने :</u>

(१) परीक्षामा खटिने प्रश्नपत्र निर्माता, प्रश्नपत्र परिमार्जनकर्ता, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, उत्तर पुस्तिका परीक्षक, उत्तर पुस्तिका सम्परीक्षक, अनुगमनकर्ता लगायतका कर्मचारीहरुलाई परीक्षा समितिले तोकेको पारिश्रमिक उपलब्ध गराउनु पर्ने छ ।

२३) <u>कक्षा नौ मा भर्ना सम्बन्धमा:</u>

(१) आधारभूत शिक्षा परीक्षामा सहभागी भई ग्रेड सीट वा प्रमाणपत्र प्राप्त गरेका विद्यार्थीहरुले कक्षा नौ मा भर्ना हुनका लागि नेपाल सरकारको राष्ट्रिय परीक्षाबोर्डले निर्धारित मापदण्ड पूरा गरेको हुनु पर्ने छ ।

२४) <u>पुर्नर्योग सम्बन्धमा :</u>

(१) परीक्षाको नतिजा उपर चित्त नबुझ्ने परीक्षार्थीले पुनर्योगको लागि सम्बन्धित प्रधानाध्यापकको सिफारिशमा नतिजा प्रकाशन भएको १५ दिनभित्र परीक्षा समितिले तोकिएको दस्तुर बुझाई परीक्षा समितिमा निवेदन दिन सक्नेछ ।

(२) आवेदनको म्याद सकिएको ७ दिनभित्र पुनर्योगको नतिजा प्रकाशन गरिसक्नु पर्नेछ ।

२५) विवरण उपलब्ध गराउनु पर्ने :

(१) आधारभूत शिक्षा परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक विवरण तथा तथ्यांकहरु सम्बन्धित विद्यालयले परीक्षा समितिको सचिवालयमा तोकेको समयभित्र उपलब्ध गराउनु पर्ने छ ।

(२) आधारभूत शिक्षा परीक्षा सम्बन्धी कार्य गर्नका लागि परीक्षामा संलग्न हुने विद्यालयहरुले गाउँकार्यपालिकाको शिक्षा शाखामा विवरण, फाराम, तथ्यांकहरु उपलब्ध गराउनु पर्ने छ । यसका लागि गाउँपालिकाको शिक्षा शाखाले विवरण माग गरी पठाउने छ ।

२६) विवरण तथा तथ्यांकहरु अद्यावधिक गर्ने सम्बन्धमा :

(१) यस अघि जिल्ला शिक्षा कार्यालयमा रहेका सो कार्यालयबाट हस्तान्तरण गरिएका विवरण तथा तथ्यांकहरु गाउँपालिकाको शिक्षा शाखाले अद्यावधिक गराइ राख्नु पर्नेछ ।

(२) आधारभूत शिक्षा परीक्षा सम्बन्धी विभिन्न विवरण, तथ्यांक लगायतका कुराहरुको अभिलेख तयार पार्ने र आवश्यकता अनुसार अद्यावधिक गर्ने दायित्व शिक्षा शाखाको हुने छ ।

(३) परीक्षाको आवेदन फाराम  शिक्षा शाखाले तोकिएको समयमा विद्यालयलाई उपलब्ध गराउने छ ।

(२७) सम्मान तथा पुरस्कारः

(१) आधारभूत तहको अन्तिम परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने सामुदायिक तर्फको १ जना छात्रा  र १ जना छात्र तथा संस्थागत तर्फ पनि १ जना छात्रा र १ जना छात्रलाई  पुरस्कृत गरिने छ ।

(२) छनोट प्रकृयाका आधारहरु परीक्षा समितिले तोके बमोजिम हुनेछ ।

अनुसूची -१ अनुसारको आवेदन फाराम अ

PHOTO

**BASIC LEVEL EXAMINATION**
**CLASS – 8**
**EXAMINATION FORM-2074**
**RIBDIKOT RURAL MUNICIPALITY, PALPA**

To ,
The Education officer
Ribdikot Rural Municipality
Education Branch
Ribdikot, Palpa

I request to submit the application form for the Basic Level Examination,2074B.S. of class 8.

STUDENT NAME( IN BLOCK LETTER) | | | | | | | | | | | | | | | | | | | | | |

विद्यार्थीको नाम थर (देवनागरीमा) -

SEX: Caste : If any disability :-

Date of | | | | | | | | | | Birth (B.S.):

Father's Name Mother's Name: Address:

All above mentioned informations are correct.If not I will accept the punishment given by law.

School Name :……………………………..

Address………………………………………………….

**Subjects which are going to be appeared**

| S.N. | Subjects | S.N. | Subjects |
|---|---|---|---|
| 1 | Nepali | 7 | Occupation,Business&Technology Education |
| 2 | English | 8 | Moral Education. |
| 3 | Mathematics | 9 | Other ( ) |
| 4 | Science and Environment Edu. | 10 | |
| 5 | Social Studies &Population Education | 11 | |
| 6 | Health & Physical Education | 12 | |

…………………………………… ……………… ………………………..

**Student's Signature** **School Stamp** **Headmaster** **Education Officer**
**Ribdikot Rural Municipality**

**नोटः यो फारामका साथ जन्मदर्ताको प्रमाण-पत्रको प्रतिलिपि (फोटोकपी) अनिवार्य संलग्न गर्नुपर्दछ ।**

# Basic Level Examination

Ribdikot Rural Municipality

Class -8

PHOTO

Admission Card-2074

Palpa

**Rural Municipality : Ribdikot**

**Exam Roll No.: ………………**

**STUDENT'S NAME (IN BLOCK LETTER) :**

Date of Birth (B.S.):

Father's Name Mother's Name: Address:

All above mentioned informations are correct.If not I will accept the punishment given by law.

School Name :……………………………..

Address………………………………………………….

**Subjects which are going to be appeared**

| S.N. | Subjects | S.N. | Subjects |
|---|---|---|---|
| 1 | Nepali | 7 | Occupation,Business&Technology Education |
| 2 | English | 8 | Moral Education. |
| 3 | Mathematics | 9 | Other ( ) |
| 4 | Science and Environment Edu. | 10 | |
| 5 | Social Studies &Population Education | 11 | |
| 6 | Health & Physical Education | 12 | |

…………………

**Student's Signature**

**School Stamp**

………………. ……………..

**Headmaster** **Education Officer**

**Ribdikot Rural Municipality**

नोटः यो प्रवेश पत्र विभिन्न प्रयोजनका लागि पछि पनि प्रयोग हुने हुनाले सुरक्षित राख्नुहोला ।

आज्ञाले

अनिल पौडेल

प्रमुख प्रशासकीय अधिकृत